कञ्चनरुप नगरपालिका

# ११ नं. वडा कार्यालय, बक्साहा

मधेश प्रदेश, नेपाल

## सार्वजनिक जग्गा, बाटो, कुलो पैनी खाली गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०८।०८ गते**

यस कन्चनरुप नगरपालिकाको कार्यपालिका बैठकको निर्णय र ११ नं. वडा समितिको मिति २०८०।०७।१७ गतेको सार्वजनिक ऐलानी जग्गा, बाटोघाटो र कुलो पैनी व्यबस्थापन सम्बन्धमा बसेको बैठकको निर्णयानुसार यस वडाभित्र रहेको सार्वजनिक ऐलानी जग्गा, बाटोघाटो र अन्य ऐतिहासिक महत्वका सार्वजनिक प्रकृतिका जग्गा, कुलो पैनी आदीलाई व्यबस्थित गरी खेल मैदान, उद्यान, हाट बजार, मठ मंदिर, मापदण्ड बमोजिमको बाटोघाटोको निर्माण तथा स्तरोन्नती गर्नु पर्ने आबश्यक रहेकोले सार्वजनिक ऐलानी जग्गा, बाटो घाटो, कुलोपैनी वा अन्य कुनै सार्वजनिक महत्वका जग्गा निजी प्रयोजनका लागि हकभोग गरेको, मिचेको, घर टहरा, निर्माण गरेको, बाटोघाटोमा निर्माण सामग्री लामो समयदेखि थुपारेको, फोहरजन्य पदार्थ ( गोवर, भुस, पराल आदी) थुपारेको, कतिपय टोलमा पशु चौपायाहरु बाटो मै बाँधने गरेको, चार पाग्रें ट्रयाक्टर तीन पाँग्रे सवारी सिटी रिक्शा सार्वजनिक स्थल वा बाटोमा राख्ने गरेको साथै बाटो छेउँमै लगाएको रुख विरुवाको हाँगाले विद्युत लाईनलाई समेत अबरोध गर्ने कार्य गरिरहेको हुँदा माथि उल्लेखित विषयहरुको कारणले विकासको कार्यहरुमा बाधा पुर्‍याईरहेको र वडाभित्रका सार्वजनिक ऐलानी जग्गा, मठ मंदिर, बाटोघाटो र सार्वजनिक कुलो पैनीको संरक्षण सम्बर्द्धण गर्ने दायित्व वडा कार्यालयको रहेका हुँदा यस वडाका सार्वजनिक स्थलहरु, बाटोघाटो कुलोपैनी अतिग्रहण गरी निजी प्रयोजनमा ल्याएका जग्गा, बाटोघाटो, कुलोपैनीको घरटहरा खाली गराई स्वच्छ सफा सुन्दर चौक, बजार व्यबस्थित टोल निर्माण गर्ने अभिभारा हामी सबैको रहेकोले सम्बन्धित महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खाली गरी गराई व्यबस्थापन कार्यमा सहयोग गरी दिनु हुन हार्दिक अनुरोध गरिन्छ। अन्यथा प्रचलित कानून बमोजिम भैजाने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

२०८०।८।८

ललित कुमार गोजेबार

वडा अध्यक्ष

वडा अध्यक्ष